अनुसूची १

## बैंक/वित्तीय संस्था तथा कोष बिच हुने सम्झौता

युवा तथा साना व्यवसायी स्वरोजगार कोष (संचालन) नियमावली, २०६५ बमोजिम स्थापित अर्थ मन्त्रालयको युवा तथा साना व्यवसायी स्वरोजगार कोषका तर्फबाट मिति ............. को अख्तियार प्राप्त ............ श्री ........................ (यसपछि कोष भनिएको) र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम स्थापित ......जिल्ला..... न.पा. वडा नं. ..... स्थित ........................ का तर्फबाट अख्तियार प्राप्त ................श्री ................ (यसपछि बैंक/वित्तीय संस्था भनिएको) का बिच तपसिलका शर्तहरुका अधिनमा रही दुबै पक्षको मनोमान राजीखुशीले तपसिलका साक्षीहरुका रोहवरमा कोषको कार्यालयमा बसी यो सम्झौता गरिएको छ ।

### तपसिल

१. बैंक/वित्तीय संस्थाले नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागको पत्र संख्या बै.वि.नि.वि./नीति/परिपत्र/......../०६५/६६ को परिपत्रको बुँदा नं. १ तथा सोमा समय समयमा हुने संशोधन अनुसार कोषमा रकम जम्मा गर्नेछ । कोषमा जम्मा भएको रकम सम्बन्धित बैंक/वित्तीय संस्थाले कोषलाई प्रवाह गरिएको कर्जा मानिनेछ । बैंक/वित्तीय संस्थाले कोषमा हरेक त्रैमासमा जम्मा गरेको रकम र कुल कर्जा वक्यौता रकम खुलाई कोषलाई लिखित जानकारी दिनेछ । यसरी जानकारी दिएको ७ दिनभित्र बैंक/वित्तीय संस्थाले कोषबाट कुनै अन्यथा व्यहोराको लिखित सूचना प्राप्त नगरेमा उपरोक्त बमोजिम जानकारी गराइएको रकम नै कोषले बैंक/वित्तीय संस्थाबाट लिएको कर्जा रकम मानिनेछ ।

२. बुँदा नं. १ बमोजिम प्रवाह गरिएको कर्जा वापत कोषले बैंक/वित्तीय संस्थालाई त्रैमासिक रुपमा भुक्तान गर्ने गरी वार्षिक ५ प्रतिशत व्याज दिनेछ । कोषले प्रदान गर्ने पुनरकर्जामा ७ प्रतिशत व्याजदर बैंक/वित्तीय संस्थाले त्रैमासिक रुपमा कोषलाई भुक्तान गर्नु पर्नेछ । यस्तो व्याजदर, बजारदर र मुद्रास्फीतिलाई मध्यनजर राखी दुवै पक्षको लिखित सहमतिमा समय समयमा पुनरावलोकन गरिनेछ ।

३. कोषले लिएको कर्जा र बैंक तथा वित्तीय संस्थाहरुले कोषसंग लिएको पुनरकर्जामा लाग्ने व्याज तिर्ने दायित्व कोषको र बैंक/वित्तीय संस्थाहरु दुवैको रहनेछ । लिएको कर्जाको बुझाउनुपर्ने व्याज रकम कोषले र बैंक/वित्तीय संस्थाले त्रैमासिक रुपमा आषाढ, आश्विन, पौष र चैत्र मसान्तमा नतिरेमा सम्पूर्ण साँवा तथा व्याज भुक्तान गर्न कोष र बैंक/वित्तीय संस्था दुवै पक्षले सूचित गर्न सक्नेछ । सो अनुसार सूचना पाएमा ७ (सात) दिनभित्र कोष वा बैंक/वित्तीय संस्थाहरुले सम्पूर्ण साँवा व्याज भुक्तान गर्नेछ ।

४. बुँदा नं. ३ बमोजिम साँवा र/वा व्याज भुक्तान नगरेमा भुक्तानी गर्नुपर्ने मितिदेखि भुक्तानी हुने मितिसम्मको अवधिको लागि वार्षिक १० प्रतिशत र २ प्रतिशत पेनाल व्याज सहित साँवा र/वा व्याज कोष वा बैंक/वित्तीय संस्थाले भुक्तान गर्नेछ ।

५. यस सम्झौताको अवधि आजको मितिदेखि लागू भई प्रवाह गरेको कर्जा चुक्ता नभएसम्मको अवधिको लागि लागू हुनेछ ।

६. कुनै पनि समयमा कोषले बैंक/वित्तीय संस्थालाई कम्तीमा १५ दिनको पूर्व सूचना दिई बाँकी सम्पूर्ण साँवा व्याज बैंक/वित्तीय संस्थालाई तिरी बुझाई सम्झौता समाप्त गर्न सक्नेछ ।

७. सम्झौता अवधिभर कुनै पनि बखत कोष बिघटन भएमा अविलम्ब कोषले तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण साँवा व्याज रकम कोषले बैंक/वित्तीय संस्थालाई तिर्न/बुझाउन पर्नेछ ।

८. दुबै पक्षको लिखित सहमतिमा यस सम्झौतामा उल्लेखित शर्तहरु संशोधन, फेरवदल वा थपघट गर्न सकिनेछ ।

९. बैंक/वित्तीय संस्थाले नियमित कर्जा असुल भएको अवस्थामा सिधै सहुलियत दरमा लाग्ने व्याजको ६० प्रतिशत रकम घटाई गणना गरी लिनेछ । व्याज नियमित नभएको खण्डमा युवा तथा साना व्यवसायी स्वरोजगार कोष (संचालन) नियमावली, २०६५ बमोजिम असुल उपर गर्नेछ ।

| **युवा तथा साना व्यवसायी स्वरोजगार कोषका** | **बैंक/वित्तीय संस्थाका तर्फबाट** |
|---|---|
| **अख्तियार प्राप्त** | **अख्तियार प्राप्त** |
| नाम | नाम |
| पद | पद |
| हस्ताक्षर | हस्ताक्षर |
| छाप | छाप |
| मिति | मिति |
| **साक्षी** | **साक्षी** |
| ................................ | ................................ |

इति सम्बत् २०६...साल ....... महिना ...... गते रोज ..... शुभम् ......................................